**कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था**

**मोरङ । ०७७ वैशाख ५ गते**

प्रदेश १ मा वैशाख ५ गते १२ जनामा कोरोना सङ्क्रमण भएको नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले पुष्टी गरेको छ । उदयपुरमा १२ जना पुरूषको परीक्षण गर्दा कोरोना सङ्क्रमण पुष्टी भएको मन्त्रालयले वैशाख ५ गते जनाएको छ । कोराना सङ्क्रमण पुष्टी हुनेमा ३४, २९, २६, २८, २८, २८, २८, २२, २५, २०, ४० र २९ वर्षीय पुरूष रहेका छन् । वैशाख २ गते त्रियुगा नगरपालिका-३ भुल्के मस्जिदमा लुकेर बसेका १२ जना भारतीय नागरिकसहित १६ जना मुसलमान भेटिएका थिए । ती मध्ये १२ जना मसलमानीमा कोरोना सङ्क्रमण पुष्टी भएको छ । मस्जिदमा रहेका १२ जनासँग भारतीय परिचयपत्र भएको र अन्य चार जना नेपाली भएको पाइएको प्रमुख जिल्ला अधिकारी दीपककुमार पहाडीले बताउनुभयो । प्रदेश १ मा वैशाख ५ गतेसम्म ६७ जना महिला र २ सय ८८ जना पुरूषसहित ३ सय ५५ जनाको स्वाब परीक्षण गरिएको छ । स्वाब परीक्षण गरिएका मध्ये ५९ जना महिला र २ सय ४४ पुरूष गरी २ सय ९५ जनाको रिपोर्ट नेगेटिभ आएको छ । ६० जनाको रिपोर्ट आउन बाँकी रहेको छ । वैशाख ५ गतेसम्म प्रदेश १ मा ६२ जना महिला र ५ सय ३३ पुरूषसहित ५ सय ९५ जना लाई क्वारेन्टाइनमा राखिएको छ । क्वारेन्टाइनमा बसेका १३ जना महिला र ४९ जना पुरूष गरी ६२ जना डिस्चार्ज भएका छन् । होम क्वारेन्टाइनमा ४ हजार १९ जना बसेका छन् । प्रदेशभरी ६ सय ८१ जना महिला र ३ हजार ३ सय ३८ जना पुरूष होमक्वारेन्टाइनमा बसेको प्रदेश १,मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ । प्रदेश १ मा वैशाख ५ गतेसम्म १ सय ४६ जना महिला र ९ सय ४६ जना पुरुष गरी १ हजार ९२ जनाको ऱ्यापीड डायग्नोष्टिक टेष्ट (आरडिटी) गरिएको छ । दुई जनाको पोजेटिभ रिपोर्ट आएको छ । १ हजार ९० जनाको रिपोर्ट नेगेटिभ आएको छ । प्रदेश १ मा वैशाख ५ गतेसम्म ६ सय ८३ थान व्यक्तिगत सुरक्षा उपकरण (पीपीई) वितरण गरिएको छ ।

**मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारी**का अनुसार ०७७ वैशाख ५ गतेसम्म मोरङमा १ सय ६८ जना पुरूष र १९ जना महिला गरी १ सय ८७ जनालाई क्वारेन्टाइनमा राखिएको मोरङ प्रहरीले जनाएको छ ।  मोरङमा वैशाख ५ गतेसम्म आईसोलेशनमा २१ जना भर्ना भएका छन् । कोशी अस्पतालमा १८ र पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँमा तीन जना रहेका छन् । मोरङमा ९६ ओटा आईसोलेशन वेड तयार गरिएको छ । मोरङमा वैशाख ५ गतेसम्म १ हजार १ सय ९० जना पुरूष र २ सय ५५ जना महिला गरी १ हजार ४ सय ४५ जनालाई होम क्वारेन्टाइनमा राखिएको छ । मोरङमा ६९ जनाको स्वाब परीक्षण गरिएकोमा ६४ जनाको रिपोर्ट नेगेटिभ आएको छ । पाँच जनाको आउन बाँकी छ । मोरङमा वैशाख ५ गतेसम्म २४ जना महिला र २ सय ५२

पुरूष गरी २ सय ७६ जनाको र्‍यापीड डायग्नोष्टिक टेष्ट (आरडिटी) गरिएको छ । एक जनाको रिपोर्ट पोजेटिभ आएको छ । २ सय ७५ को आरडिटी रिपोर्ट नेगेटिभ आएको छ ।
कोशी अस्पताल कोभिड १९ उपचार केन्द्रका चिकित्सक तथा स्वास्थ्यकर्मीका लागि जैन भवनमा आवासको व्यवस्था गरिएको छ । विराटनगर महानगरपालिका-७ को जैन श्वेताम्वर तेरापन्थी सभाका अध्यक्ष जितेन्द्र गोल्छाले चिकित्सक तथा स्वास्थ्यकर्मीका लागि १९ ओटा कोठा उपलब्ध गराउनु भएको हो । तेरापन्थी सभाले कोभिड १९ को उपचारमा खटिएका चिकित्सक तथा स्वाथ्यकर्मीका लागि निःशुल्क आवासको व्यवस्था गर्ने घोषणा गरेपछि वैशाख ५ गते सामाजिक विकास मन्त्री जीवन घिमिरे, कोशी अस्पतालकी मेडिकल सुपरिटेन्डेन्ट डा. संगीता मिश्रा लगायतको टोलीले स्थलगत रुपमा भवनका कोठाहरू निरीक्षण गरेको छ ।

**इन्सेक उदयपुर जिल्ला प्रतिनिधि भरत खड्का**का अनुसार त्रियुगा नगरपालिका -३ भुल्के मस्जिदमा लुकेर बसेका १६ जना मध्ये १२ जनालाई कोरोना सङ्क्रमण पुष्टी भएको छ । विराटनगरस्थित पीसीआर ल्याबमा गरिएको परीक्षणमा १२ जना भारतीयलाई कोरोना पोजेटिभ देखिएको हो । बाँकी चार जना नेपालीको रिर्पोट भने नेगेटिभ देखिएको छ ।
कोशी अञ्चल अस्पताल विराटनगरको प्रयोगशालामा पीसीआर विधिबाट गरिएको कोरोना परीक्षणमा १२ जनाको रिपोर्ट पोजेटिभ आएको स्वास्थ्य कार्यालय उदयपुरका प्रमुख मोहन सुवेदीले पुष्टि गर्नु भएको छ । उनीहरुको रिपोर्टको टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले समेत पुष्टि गरेको छ । फेला परेका सबै जना पुरुष हुन् । पोजेटिभ देखिएकाहरु ३४, २९, २६, २८, २८, २८, २८, २२, २५, २०, ४० र २९ बर्षका रहेका छन् ।
वैशाख ४ गते उनीहरूको परीक्षण गरिएको थियो । सो परीक्षणमा १२ जनामा ‘पोजेटिभ’ देखिएपछि स्वाब पुनःपरीक्षणका लागि जनस्वास्थ्य प्रयोगशालामा पठाइएको थियो । उनीहरुको स्वाब वैशाख ४ गते राति नै सामाजिक विकास मन्त्रालयले गाडीमार्फत राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा पठाएको थियो ।
वीरगन्जको मस्जिदमा बसेका मुस्लिम धर्मगुरुमा कोरोना सङ्क्रमण भएको पुष्टिपछि स्थानीय प्रशासनले उदयपुरका तीन मस्जिदमा अनुगमन गर्दा भुल्केमा १६ जना लुकेर बसेको फेला पारेको प्रमुख जिल्ला अधिकारी दीपककुमार पहाडीले बताउनुभयो । मस्जिदमा रहेका १२ जनासँग भारतीय परिचयपत्र भेटिएको थियो । अन्य ४ जना नेपाली रहेका प्रजिअ पहाडीले जानकारी दिनुभएको छ । लकडाउनको समयमा मस्जिदमा विदेशी आएर चुपचाप बसेको भन्दै स्थानीयले प्रशासनलाई खबर गरेका थिए । उक्त मस्जिदमा उनीहरूसँगै विराटनगर जोगवनी क्षेत्रका चार नेपालीसमेत छन् । स्थानीयले नै मस्जिदमा विदेशी आएर गुपचुप बसेको भन्दै त्रियुगा नगरपालिका, जिल्ला प्रशासन कार्यालय, प्रहरीलाई सूचना दिएका थिए । तर, कसैले हाम्रो गुनासो नसुनेको एक स्थानीयले बताए ।

स्थानीयहरुले त्यस मस्जिदमा अनुगमन गर्न पटक पटक जानकारी गराउँदा पनि प्रशासन मौन रहेका थिए । भारतबाट आएका १२ जना विराटनगर-सुनसरी-सप्तरी हुँदै उदयपुरको चौदण्डीगढी नगरपालिकाको शिवाइ मस्जिदबाट भुल्के आएको सोधपुछका क्रममा बताएको प्रजिअ पहाडीले जानकारी दिनुभयो । प्रारम्भिक सोधपुछका क्रममा उनीहरूले मङ्सिर महिनामा विराटनगरबाट नेपाल भित्र्एिको बताएको प्रजिअ पहाडीले बताउनुभयो । भुल्के मस्जिदमा रहेका उनीहरु भारतीय सप्तरीको वोदेबर्साइन नगरपालिका ५ जाँजरमा फागुन ३ देखि ५ गते भएको नेपाल इज्तिमा सहभागी हुन आएको अनुमान गरिएको छ । परीक्षण रिर्पोट पोजेटिभ आएपछि १६ जनालाई नै चार वटा एम्वुलेन्समार्फत बिराटनगर पठाइएको स्वास्थ्य प्रमुख सुवेदीले जानकारी दिए । निजामुद्दिन मरकज मस्जिदमा भएको धार्मिकसभामा केही नेपालीहरु मध्ये उदयपुरको पाँच जना मध्ये चार जना क्वारेन्टाइनमा छन भने एक जना अझै फेला परेको छैनन् ।

**इन्सेक भोजपुर जिल्ला प्रतिनिधि गणेश विष्ट**का अनुसार वैशाख ५ गते जिल्लामा ५० जनाको द्रुत परीक्षण गरिएको छ । र्‍यापीड डायग्नोस्टिक टेस्ट प्रविधिबाट परीक्षण गरिएका ५० जनाकै रिपोर्ट नेगेटिभ देखिएको छ । जिल्ला प्रहरी कार्यालय भोजपुरका कोरोना डेस्क अधिकृत इन्स्पेक्टर प्रदीप लामाले बताउनु भयो । साल्पासिलिछो गाउँपालिकामा १३ जना, भोजपुर नगरपालिकाका १५ जना, टेम्केमैयुम गाउँपालिकाका सात जना, अरुण गाउँपालिकाका सात जना र आमचोक गाउँपालिकाका आठ जना गरी ५० जनाको परीक्षण सकिएको प्रमुख जिल्ला अधिकारी वसन्तराज पुरीले बताउनु भयो ।

**इन्सेक सुनसरी जिल्ला प्रतिनिधि जयकृष्ण यादव**का अनुसार हरिनगर गाँउपालिकामा रहेको एक मस्जिदबाट जिल्ला प्रहरी कार्यालय इनरूवाले वैशाख ५ गते ६ जना विदेशी नागरिकलाई नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार सुनसरी प्रशासनमा बसेको जिल्ला सुरक्षा समितिको बैठकले जिल्लामा रहेका सबै मस्जिद खाली गराउने निर्णयपछि प्रहरीले गरेको खोजीका क्रममा घुस्की मस्जिदमा आश्रय लिएर बसेका ६ जना विदेशी फेला परेका हुन । कवरत मस्जिदमा आश्रय लिन आएका मुस्लिम धर्मगुरू रहेको जमातीहरूलाई नियन्त्रणमा लिएर कोरोना सङ्क्रमण भए नभएको आवश्यक परीक्षण गरिएको प्रहरीले जनाएको छ । स्वास्थ्य परीक्षण पश्चात सबै जनालाई भुटाहा जेनरल अस्पतालमा रहेको क्वारेन्टाइनमा राखिएको प्रहरीले जनाएको छ । सुनसरी प्रशासनले मस्जिद खाली गराएपछि विभिन्न मस्जिदमा रहेका ३६ जना भारतीय र सात जना पाकिस्तानी नागरिकसहित ५५ जना विदेशी जमातीहरूरुलाई इटहरीको जनता क्याम्पसमा निर्माण गरिएको क्वारेन्टाइनमा राखिएको छ ।
गढी गाउँपालिका -५ ले वैशाख ५ गते राहत वितरण गरेको छ । विपन्न, दलित , असहाय गरी ३ सय ६५ जनालाई राहत वितरण गरेको गाँउपालिकाले जनाएको छ । प्रतिपरिवार २० किलो

चामल, १ किलो दाल, १ पोका नुन, १ लिटर खाने तेल र १ ओटा नुहाउने साबुन वितरण गरिएको छ ।
देवानगञ्ज गाउँपालिका -७ ले वैशाख ५ गते राहत वितरण गरेको छ । ४ सय ३ जनालाई राहत वितरण गरिएको गाँउपालिकाले जनाएको छ ।
धरान उपमहानगरपालिकाले जिल्लामै पहिलो पटक कोरोना नियन्त्रणमा गरेको प्रयास तथा राहत वितरण र सङ्कलन तथा पारदर्शीताका बारेमा जिल्लाका प्रतिनिधि सभासदस्य तथा प्रदेश सभा सदस्यहरूसँग छलफल गरेको छ ।
प्रदेश १,का सभामुख प्रदीप भण्डारी, प्रतिनिधि सभा सदस्य जयकुमार राई, मीन विश्वकर्मा, प्रदेश सभा सदस्यहरू भीम आचार्य सावित्रि श्रेष्ठ, उमिता बराईली, चन्द्रप्रसाद श्रेष्ठलगायतको उपस्थितिमा कोरोना नियन्त्रणका लागि उपमहानगरले हालसम्म गरेको कामबारे उपमहानगरका प्रमुख तिलक राई र उपमेयर मन्जु भण्डारीले जानकारी गराउनुभयो ।

**इन्सेक झापा जिल्ला प्रतिनिधि नरेश खाती**का अनुसार जिल्लमा वैशाख ५ गतेसम्म १२ जना बिरामी भर्ना भएका छन् । ११ जनाको स्वाब परीक्षण भएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । झापामा वैशाख ५ गते १ सय १४ जनाको न्यापीड टेस्ट गरिएको छ ।
झापाका स्थानीय तहले दोस्रो चरणको राहत बाँड्ने तयारी गरेका छन् । जिल्लाका पन्ध्र स्थानीय तहमध्ये गौरादह, शिवसतासी, मेचीनगर र कनकाई नगरपालिकाले बन्दाबन्दीको समयावधि बढेसँगै नगरभित्रका विपन्न समुदायलाई भोकमरी हुन नदिन तत्कालै दोस्रो चरणको राहत वितरणको तयारी गरेका हुन् ।
गौरादह नगरपालिकाका प्रमुख रोहितकुमार साहले दोस्रो चरणको राहत वितरणका लागि एक लाख २० केजी चामल, १० हजार केजी दाल, चार हजार लिटर तेल र चार हजार केजी नुनको बोलपत्र आहवान गरिसकेको बताउनुभयो । उहाँका अनुसार अब चार हजार परिवारलाई राहत वितरण गरिनेछ । शिवसताक्षी नगरपालिकाकी उपप्रमुख भोजकुमारी नेपालले बन्दाबन्दी लम्बिएकाले नगर कोषबाट पुनः राहत वितरणको तयारी गरिएको बताउनुभयो ।
दाताहरुबाट समेत सहयोग आइरहेको उहाँले जानकारी दिनुभयो । कनकाई नगरपालिकाले दोस्रो चरणको राहत वितरणका लागि ६० हजार केजी चामल, सात हजार केजी दाल, पाँच हजार लिटर तेल, सात हजार केजी नुन र सात हजार साबुनको बोलपत्र आहवान गरिसकेको प्रमुख प्रशासकीय अधिकृत रुद्रप्रसाद न्यौपानेले बताउनुभयो ।
मेची नगरपालिकामा बिहीबार भएको सर्वदलीय बैठकले दोस्रो चरणको राहत वितरणका लागि नगरलाई आग्रह गरेको छ ।

झापाको शिवसताक्षीमा कोरोना भाइरसको ऱ्यापीड टेस्ट शुरु गरिएको छ । नगरपालिकाको क्वारेटानबाट र्‍यापिड डायग्नोस्टिक टेस्ट सुरु गरिएको शिवसताक्षी नगरपालिकाको सूचना शाखाले जनाएको छ ।
१५ जनाको ऱ्यापीड टेस्ट गरिएको र सबैको नतिजा निगेटिभ आएको शिवसताक्षी नगरका स्वास्थ्य संयोजक हरि बिमलीले जानकारी दिनु भएको छ ।
सताक्षीधाम मन्दिर विकास समितिले पनि शिवसताक्षी नगरको कोरोना राहत सङ्कलन तथा व्यवस्थापन समितिको कोषमा २५ हजार रुपियाँ सहयोग उपलब्ध गराएको छ ।
मेचीनगरपालिकाले लकडाउन उल्लङ्घन गर्ने जो कोहि व्यक्तिलाई प्रहरीले पक्रेर हिरासतमा राख्ने निर्णय गरेको छ । वैशाख ५ गते मेचीनगरपालिकाले सुरक्षाकर्मीहरुको छलफलमा यस्तो निर्णय गरेको हो ।
मेची बस व्यवसायी कार्यालय काँकरभिट्टाले मेचीनगरको विपद व्यवस्थापन कोषमा एक लाख रुपियाँ  सहयोग गरेको छ ।

**इन्सेक ताप्लेजुङ जिल्ला प्रतिनिधि देवराज गुरुङ**का अनुसार वैशाख ५ गतेसम्म ४९ जनाको आरडीटी गरिएको छ । सबैको रिपोर्ट नेगेटिभ पाइएको जिल्ला अस्पतालका प्रमुख डा.सोनिङ लामाले जानकारी दिनुभयो । फुङलिङ नगरपालिकामा २५ जना,मेरिङदेन गाउँपालिकामा १५ जना,पाथीभरा याङवरक गाउँपालिकामा पाँच जना र फक्ताङलुङ गाउँपालिकामा चार जना गरी ४९ जनाको आरडीटी गरिएको हो । वैशाख ५ गते आठ जना जापानिज नागरिकलाई काठमाडौ पठाइएको छ । पर्यटक आफैले सवारी साधन व्यवस्थापन गरेको र प्रशासनले सम्बन्धित मन्त्रालयसँग समन्वय तथा अनुमति लिएर काठमाडौ पठाएको हो । कञ्चनजङ्गा बेसक्याम्प घुम्न आएका पर्यटक हुन् ।

**इन्सेक पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघा**का अनुसार वैशाख ५ गते तीन जना पुरूषलाई क्वारेन्टाइनमा राखिएको छ ।
स्थानीय तहहरूले राहत वितरणलाई निरन्तरता दिईरहेका छन् । स्थानीय प्रशासन र प्रहरीले लकडाउनलाई कडाई गरेका छन् । स्थानीय तहहरुले समेत एक तहबाट अर्को तहमा जान रोक लगाएका छन् । भारतसँग सीमाना जोडिएका स्थानहरूमा सशस्त्र प्रहरी बलको अस्थायी पोष्ट स्थापना गरी सुरक्षा व्यवस्था कडाई पारिएको छ ।

**इन्सेक खोटाङ जिल्ला प्रतिनिधि रामधन राई**का अनुसार जिल्लामा विदेशबाट फर्किएका ५५ जनाको कोरोना भाइरसको ऱ्यापीड डाइग्नोस्टिक टेष्ट (आरडिटि) गरिएको छ । सबैको रिपोर्ट 'नेगेटिभ' आएको छ । वैशाख ६ गते ऐसेलुखर्क गाउँपालिकामा, वैशाख ७ गते केपिलासगढी

गाउँपालिकामा, वैशाख ८ गते हलेसी तुवाचुङ नगरपालिका र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकामा तथा वैशाख ९ गते साकेला गाउँपालिकामा न्यापीड डाइग्नोस्टिक टेष्ट गर्ने तालिका छ ।

**इन्सेक इलाम जिल्ला प्रतिनिधि कोकिला ढकाल**का अनुसार इलामको माइजोगमाई गाउँपालिकाका १६ जनामा वैशाख ५ गते गरिएको कोरोना भाइरसको न्यापीड जाँचमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । एक जना स्पेनी महिला, एक जना भारतीय र विदेशमा रोजगारी गरी फर्केका १४ स्थानीय युवाको जाँच गरिएको थियो । योसँगै इलाममा अहिलेसम्म ६ स्थानीय तहका १ सय ९ जनामा गरिएको न्यापीड जाँचमा सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालयका विमल बरालले जानकारी दिनुभयो । इलामका लागि १ सय २० न्यापीड जाँच किट आएकामा पाँचथरबाट थप ३० वटा मगाइएको थियो ।
इलामका संस्थागत क्वारेन्टाइनमा वैशाख ५ गते तीन जना महिलासहित १३ जनालाई राखिएको छ । इलाम नगरपालिकामा दुई जना, पशुपतिनगरमा तीन जना महिलासहित सात जना र रोङ गाउँपालिकामा चार जनालाई क्वारेन्टाइनमा राखिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । प्रहरीले जिल्लाका ५४ जना महिलासहित ४ सय १७ जनालाई होम क्वारेन्टाइनमा राखेर निगरानी गरिरहेको छ ।
इलाम उद्योग वाणिज्य सङ्घको पहलमा इलाम बजारका अत्यावश्यक सामग्री राखिएका पसल बिहान ६ देखि १० र बेलुका ५ देखि ६ बजेसम्म खुलाइँदैछ । तर, वैशाख ५ देखि यसरी पसल खुल्न सुरु गरेपनि भीड बढेको, सामाजिक दूरी कायम नभएकोलगायतका समस्या देखिएका छन् ।
चुलाचुली गाउँपालिकाले वैशाख ५ गते दोस्रो चरणमा स्थानीय ७ सय ५५ असंगठित क्षेत्रका श्रमिक र असहायलाई राहत वितरण गरेको छ । गाउँपालिकाले १४ हजार ८ सय किलो चामल, ६ हजार ८५ लिटर खानेतेल, १ हजार ३ सय ७१ किलो दाल र १ हजार १ सय ८५ किलो नुन वितरण गरेको गाउँपालिका अध्यक्ष प्रदीपचन्द्र राईले बताउनुभयो । रोङ गाउँपालिकाले पनि २ सय ९५ परिवारलाई राहत वितरण गरेको गाउँपालिकाले जनाएको छ ।
औषधि व्यवसायी सङ्घ इलामले इलाम अस्पताल र इलाम नगरपालिकालाई १०-१० सेट, बिब्ल्याँटे प्रहरी बिट र स्थानीय पेट्रोल पम्पलाई एक-एक सेट पर्सनल प्रोटेक्टिभ इक्युपमेन्ट -पीपीई) प्रदान गरेको छ । इलाम सदरमुकामको फराकिलोमैत्री बचत तथा ऋण सहकारी संस्थाले इलाम नगरपालिकाको आकस्मिक राहत कोषमा २५ हजार रुपियाँ सहयोग गरेको छ ।
राष्ट्रिय कृषक महासङ्घ नेपाल इलाम इकाईले राहतले मात्रै विपन्नको सधैं पेट भर्न असम्भव हुने भन्दै गाउँ-गाउँमै सहकारी पसल खोल्ने व्यवस्था मिलाउन सरकारलाई आग्रह गरेको छ । इकाईले

वैशाख ५ मा विज्ञप्ति जारी गर्दै पर्याप्त सावधानीसहित कृषिकर्मलाई अघि बढाउने व्यवस्था मिलाउन पनि आग्रह गरेको छ ।

**इन्सेक सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्की**का अनुसार वैशाख ५ गते जिल्ला अस्पताल खाँदबारीमा एक जना पुरूषले ज्वरो क्लिनिकमा जाँच गराएको अस्पतालका प्रबक्त सुजता पौडेलले जानकारी दिनुभयो । वैशाख ५ गते पाँच जना ब्यक्तिको कोरोना भाइरसको ऱ्यापीड डायग्नोस्टिक टेस्ट गरिएको छ । ५ गते चैनपुर नगरपालिकामा दुई जना महिला र तीन जना पुरूषको ऱ्यापीड डायग्नोस्टिक टेस्ट भएको स्वास्थ्य कार्यालयका प्रवक्ता रोशन श्रेष्ठले जानकारी दिनुभयो । ऱ्यापीड डायग्नोस्टिक टेस्ट गरिएको पाँच जनाकै रिपोर्ट नेगेटिभ आएको प्रवक्ता श्रेष्ठले बताउनु भयो । हाल सम्म विदेश बाट आएका ३८ जनाको ऱ्यापीड डायग्नोस्टिक टेस्ट गरिसकिएको छ ।

संखुवासभाको मादी नगरपालिकाले बाहिरबाट ल्याएका खाद्यान्न सामग्रीलाई ७२ घण्टा क्वारेनटाइनमा राख्ने थालेको छ । मादी नगरपालिका भित्रिने खाद्य सामाग्रीलाई अनिवार्य क्वारेनटाइनमा राखेपछि मात्र व्यापारीसम्म पुग्ने नगर प्रमुख विदुर सुब्वा लिङ्थेपले जानकारी दिनुभयो ।

जिल्लामा ३ सय ८८ पीपीइ सेट छन् । हाल सम्म १७ वटा पीपीइ सेट खर्च भईसकेको स्वास्थ्य कार्यालयले जनाएको छ । स्वास्थ्य कार्यालयले दश ओटै स्थानिय तहमा पीपीइ सेट पठाइसकेको जनाएको छ ।

**इन्सेक सोलुखुम्बु जिल्ला प्रतिनिधि भोजराज कार्की**का अनुसार वैशाख ५ गते सात जनाको ऱ्यापीड डाइग्नोस्टिक टेष्ट गरिएको छ । सोलुदुधकुण्ड नगरपालिका र नेचासल्यान गाउँपालिकामा तीन-तीन जना तथा माप्य दुधकोशी गाउँपालिकामा एक जनाको परीक्षण गरिएको हो । परीक्षण गरिएको सबैको रिपोट नेगेटिभ आएको छ ।

सोलु दुधकुण्ड नगरपालिकाले ८ सय बढी दीर्घरोगीलाई औषधि वितरण गरेको छ । नगरपालिकाले ७० बर्ष माथिका तथा अपाङ्गता भएका ८ सय १५ जना नियमित औषधि सेवन गरिरहेका बिरामीलाई औषधि वितरण गरेको नगरपालिका स्वास्थ्य संयोजक चमर मगरले जानकारी दिनुभयो ।

लिखुपिके गाउँपालिकामा स्वास्थ्य सामाग्री वितरण गरिएको छ । गाउँपालिकाको पहलमा पाँच ओटा स्वास्थ्य संस्था र हेल्थ डेक्समा पीपीइ १२ सेट, १ हजार थान पन्जा, ६ सय थान माक्स, ७२ थान सेनिटाइजर स्वास्थ्यसंस्थाहरूमा वितरण गरेको गाउँपालिका प्रमुख डम्बरबहादुर बस्नेतले जानकारी दिनु भयो ।

**इन्सेक प्रदेश १ कार्यालय, विराटनगर**